मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार १० गते सोमबार (Monday, 24 June 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लागूऔषधसहित तीन जना पक्राउ


**मोरङ, असार ९।** बेलबारी नगरपालिका-१० भाउन्नेबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ सय ५० मिलिग्रामसहित तीन जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा दमक नगरपालिका-८ बस्ने २४ वर्षीय भोला मण्डल रहेको प्रहरीले जनाएको छ । प्रहरी चौकी डाँगीहाटबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

उता गैडहवा गाउँपालिका-८ कोत्रहवास्थित सडकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो

(बाँकी अन्तिम पृष्ठमा)

## मुख्य सचिवविरुद्ध भ्रष्टाचार मुद्दा, ३८ करोड जरिवाना माग



**झापा, असार ९ ।** मुख्य सचिव बैकुण्ठ अर्यालसहित नेपाल सरकारका केही उच्च पदस्थहरूविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

विशेष अदालतमा अख्तियारले मुख्यसचिव अर्यालसहित अन्य १२ जनाविरुद्ध मुद्दा दायर गरेको हो । अख्तियारले उनीहरूविरुद्ध ३८ करोड बिगो दाबी गरेको छ ।

अख्तियारले विशेष अदालतमा पेश गरेको अभियोगपत्र अनुसार रितेश शाक्य, टंक पाण्डे, विकल पौडेल, गणेशविक्रम शाही, सफल श्रेष्ठ, रवीन्द्रप्रसाद पौडेल, विष्णुप्रसाद गौतम, हरिबल्लब घिमिरे, शक्तिप्रसाद श्रेष्ठ, केशव शर्मालाई प्रतिवादी बनाएको छ ।

अन्तःशुल्क स्टिकर छपाउन विभागले ६ करोड रूपैयाँ भुक्तानी दिएको कागजातले देखाएको छ । तर, सुरक्षण मुद्रण केन्द्रले आफूले नछाडी निजी क्षेत्रलाई जिम्मा दिएको थियो ।

केन्द्रकै छापाखाना, उपकरण, जनशक्ति, पानी, बिजुली प्रयोग गरेर निजी क्षेत्र पोस्ने गरी यो काम जिम्मा दिएको अख्तियारको अनुसन्धानले देखाएको छ । यति मात्र होइन, छपाइको दरमा पनि ठूलो अन्तर देखिएको छ ।

जनक शिक्षा सामग्री केन्द्रले ३४ पैसा प्रतिस्टिकरका दरले छाप्न सक्नेमा सुरक्षण मुद्रण केन्द्रले शुरूमा ९१ पैसा र पछि ८९ पैसामा सम्झौता गरेको देखिएको छ ।

**मुद्दा दर्ता भएसँगै मुख्यसचिव अर्याल निलम्बनमा**

अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो । मुद्दा दायर भएसँगै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ अनुसार स्वतः अर्याल निलम्बनमा परेका हुन् ।

कुनै राष्ट्रसेवक थुनामा रहेको अवधिभर र उनीमाथि मुद्दा दायर भएमा त्यस्तो राष्ट्रसेवक सो मुद्दा किनारा नभएसम्म स्वतः निलम्बनमा रहने उल्लेख छ । यही व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १७ मा

(बाँकी अन्तिम पृष्ठमा)

### संघीयतापछिको बाह्रदशी

## महत्वाकांक्षी योजनाभन्दा मागमा आधारित काम धेरै

■ सुरेन्द्र भण्डारी

**झापा,असार ९।** संघीयतापछि बाह्रदशी गाउँपालिकाको विकास सन्तोषजनक रहेको पाइएको छ । संघीयतापछि भएको राज्यपुनर्संरचनापछि स्थानीय तहमा आर्थिक स्रोतहरु परिचालन गरेर स्थानीय अर्थतन्त्रलाई सशक्त बनाउने काम गर्दै आएको बाह्रदशीले ठूला र महत्वाकांक्षी योजनाभन्दा मागमा आधारित याजनाको काम सम्पन्न गर्दै कृषि विकास, र पूर्वाधार निर्माणमा योगदान पुऱ्याएको बताइएको छ ।

पालिकाभित्रका आवश्यकताहरु पहिचान गर्दै जनप्रतिनिधिले विकास योजनाहरु तयार पार्न र कार्यान्वयन गराउँदा बाह्रदशीको विकास सन्तोषजनक देखिएको बताइएको छ ।

**१५६१ मिटर पक्की तटबन्धन**

बाह्रदशी गाउँपालिका भएर बिरीङ, अन्धुवा र घाग्रा खोला बग्छन् । मनसुन शुरु भएसँगै हरेक वर्ष बिरीङ, अन्धुवा र घाग्रा खोलामा आउने बाढीका कारण बाह्रदशी बासीले सास्ती ब्यहोर्दै आएका छन् । मनसुन शुरु हुनु अगाबै त्यस क्षेत्रका स्थानीयवासी त्रासमा हुने गरे पनि पछिल्ला केही वर्षयता बाह्रदशीका स्थानीयले राहत महशुस गर्न थालेका छन् । बिरीङ लगायतका खोलामा गरिएको स्थायी तटबन्धनले बाह्रदशीवासीलाई राहत मिलेको हो ।

बिरीङसहित अन्धुवा र घाग्रा खोलामा गरिएको तटबन्धले बस्ती जोगाएको छ भने बाढीका कारण हुन सक्ने जनधनको क्षति न्यूनीकरणमा समेत राहत मिलेको स्थानीय बताउँछन् ।

बाह्रदशी गाउँपालिकाले खेतीयोग्य जमिनको



संरक्षणका लागि प्रदेश र संघीय सरकारसंग बजेट माग गर्दै स्थायी तटबन्धनलाई प्राथमिकतामा राखेसँगै बाह्रदशी गाउँपालिकामा १५ सय ६१ मिटर खोलामा तटबन्धन गरिएको छ ।

हरेक वर्ष बिरीङ खोलामा आएको बाढीबाट डुबान र कटानको समस्या झेल्दै आएका बाह्रदशी गाउँपालिकावासीले अब कटान र डुबानको समस्या झेल्नु नपर्ने भएको छ । बाह्रदशी-५ भएर बग्ने बिरीङ खोलाको पूर्वी क्षेत्रमा पक्की बाँध निर्माणपछि उनीहरुले राहतको महशुस गरेका हुन् । सङ्घीय सरकारअन्तर्गत जनताको तटबन्ध फिल्ड कार्यालय गैंडेको तीन करोडको लागतमा बिरीङ खोलाको पूर्वी भू-भागमा तटबन्ध गरिएसँगै बाह्रदशीवासी डुबान र कटानको समस्याबाट मुक्त भएका हुन् ।

संघीय सरकारको सहयोगमा झण्डै यहाँ एक किलोमिटर खोलाको तटीय क्षेत्रमा बाँध बाँधेपछि डुबान र कटानको समस्या हल भएको हो । बिरीङ खोलाको तटीय भू-भागमा तटबन्ध गरिएसँगै वडा नम्बर ५ सहित १, २, ३ र ४ नम्बर क्षेत्रका बासिन्दा लाभान्वित भएका हुन् ।

यसअघि वडा नम्बर -७ को डाँगीबारी पश्चिम

(बाँकी अन्तिम पृष्ठमा)

## सहकारी ठगी : राईलाई पक्राउ गर्न माग



**काठमाडौँ, असार ९ ।** नेपाली कांग्रेसका सांसद विश्वप्रकाश शर्माले सहकारी ठगी प्रकरणमा जोडिएका जिवी राईलाई पक्राउ गर्न माग गरेका छन् । उनले राईलाई पक्राउ गर्ने प्रक्रिया शुरु नगरिएकामा गुनासो समेत गरे ।

प्रतिनिधिसभाको आइतवारको बैठक शुरु हुनेबित्तिकै आकस्मिक समयमा सांसद शर्माले उपप्रधानमन्त्री एवम् गृहमन्त्री रबि लामिछानेले सहकारी ठगी प्रकरणमा जोडिएका राईको 'लोकेशन' पत्ता लागिसकेको भन्ने जानकारी दिएको सन्दर्भ जोड्दै उनले तत्काल कारबाहीको दायरामा ल्याउन माग गरे । उनले सूर्यदर्शन सहकारी प्रकरणको अनुसन्धान प्रक्रियामा सहभागी प्रहरी अधिकारीलाई सरुवा गरिएकोमा आपत्तिसमेत प्रकट गरे ।

यस्तै नेकपा (एमाले) का प्रमुख सचेतक महेश बर्तौलाले मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१४ का सुकबहादुर तितुङलाई पर्सा वन्यजन्तु आरक्षणको मध्यवर्ती क्षेत्रमा यही असार ७ गते बिनाअपराध गोली प्रहार गरी हत्या गरिएको आरोप लगाउँदै उक्त घटनाको छानबिन गर्न माग गरे ।

उनले सो घटनामा संलग्न सुरक्षाकर्मीलाई कारबाहीको दायरामा ल्याउन तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन माग गरे । आगामी दिनमा यस्ता घटना हुन नदिन सरकार विशेष चनाखो हुनुपर्ने प्रमुख सचेतक बर्तौलाको सुझाव थियो । मध्यवर्ती क्षेत्रमा विकास निर्माणका काम हुन नसकेको, वन्यजन्तुको आक्रमण पनि बढ्दै गएको उल्लेख गर्दै उनले समस्या समाधानका लागि तत्काल पहल थाल्न आग्रह गरे ।

सांसद प्रदीप पौडेलले सङ्घीय संसद्का कर्मचारीले राखेका माग सम्बोधन गर्न सरकारसँग माग गरे । उनले चुरे संरक्षणको माग राख्दै लामो समयदेखि आन्दोलनमा रहेका नागरिकको माग पूरा गर्न सदन र सरकारको ध्यानाकर्षण गराए । सांसद पौडेलले चुरे संरक्षण गर्न देशभर वृक्षरोपण अभियान सञ्चालन गर्नुपर्ने बताए ।

सांसद ऋषिकेश पोखरेलले स्वास्थ्य बिमा दर्ता सहयोगीको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद रोशन कार्कीले सङ्घीय संसद् सचिवालयका कर्मचारीका माग पूरा गर्नु पर्नेमा जोड दिइन् ।

## एक्सेल बैंकद्वारा डस्टबिन वितरण

**बिर्तामोड, असार ९।** एक्सेल डेभलपमेण्ट बैंकले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत फोहोर व्यवस्थापनमा सहयोग गर्न डस्टबिन वितरण गरेको छ ।

गौरादह नगरपालिका बैगुनधुरा बजार भित्रका विभिन्न स्थानहरूमा ७ थान डस्टबिन वितरण गरिएको बैंकले जनाएको छ । कार्यक्रमका अतिथि बैगुनधुरा बजार व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र पोखरेल, बजार व्यवस्थापन समितिका पूर्व अध्यक्ष सीताराम पोखरेलले बैंकको यस पहललाई धन्यवाद दिदैं बजारको सफाई र फोहोर व्यवस्थापनमा यस




प्रकारको योगदान अत्यन्तै सराहनीय भएको बताए । साथै उनीहरुले यस बैंकसँग सहकार्य गर्दै अगाडि बढ्ने विचार व्यक्त गरे ।

एक्सेल डेभलपमेण्ट बैंकका बजार व्यवस्थापन विभागका कर्मचारी गजेन्द्र ढकालले कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै सफा र हरियाली शहर

(बाँकी अन्तिम पृष्ठमा)

## सस्तो बजारमा जबरजस्ती करणी

**काठमाडौं, असार ९।** १९ वर्षीय युवतीलाई जबरजस्ती करणी गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-३१ शंखमुल बस्ने भारत बिहार राज्य मोतीहारी घर भएका ३० वर्षीय धर्मेन्द्र जैसवाललाई रहेको प्रहरीले जनाएको छ । जैसवालले ती युवतीलाई काठमाडौं -१० नयाँ बानेश्वरस्थित सस्तो बजारमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त नयाँ बानेश्वरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## पाँच वर्षमा पनि बनेन सडक

**उर्लाबारी, असार ९।** मोरङको पथरी शनिश्चरे-१० को भुटानी शरणार्थी शिविरबाट दक्षिणतर्फ शनिश्चरे बजार गान्धी आश्रम हुँदै रङ्गेली जोड्ने गान्धी मनमोहनमार्ग कालोपत्रे नहुँदा स्थानीयले सास्ती खेप्नु परिरहेको छ ।

२०८० साल गत भदौ मसान्तमा कालोपत्रे गरिसक्नुपर्ने सडक तोकिएको मिति गुज्रिएर १० महिना बितिसक्दा पनि ४० प्रतिशत मात्र भौतिक प्रगति भएको छ । पूर्वपश्चिम महेन्द्र राजमार्गलाई विराटनगर-रङ्गेली-आमबारी हुँदै झापाको भद्रपुरसँग जोड्ने हुलाकी सडकसँग जोड्ने यो सडक २०७६ साल कात्तिकमा ठेक्का लागेको थियो ।

सङ्घीय सरकारको हुलाकी सडक आयोजना इटहरीले एक अर्ब ५५ करोड ७३ लाख रुपैयाँमा कान्छाराम



कन्स्ट्रक्सनलाई निर्माणको ठेक्का दिएको थियो । २८ किलोमिटर लामो यो सडक निर्माण गर्न स्थानीयले ठूलो योगदान गरेका थिए । जिल्लाकै नमूना सडकका

(बाँकी अन्तिम पृष्ठमा)

## साउदी अरबमा हज तीर्थयात्रीको मृत्युको कारण के हो ?

**बिर्तामोड, असार १०।** यस वर्षको हज तीर्थयात्राका क्रममा हजारौं मानिसहरूको मृत्यु भएको बताइएको छ । तीमध्ये अधिकांशको मृत्यु तापक्रम ५१ डिग्री सेल्सिअस नाघेपछिको चरम गर्मीका कारण भएको बताइएको हो ।

एएफपी समाचार संस्थाले एक अरब कूटनीतिज्ञलाई उद्धृत गर्दै ६ सय ५८ जना इजिप्टका नागरिकहरूको मृत्यु भएको जनाएका छन् । इन्डोनेशियाले आफ्ना २०० भन्दा धेरै नागरिकहरूको मृत्यु भएको उल्लेख गरेको छ भने भारतले आफ्ना ९८ जना मानिसहरूको मृत्यु अहिलेसम्म थाहा भएको जनाएको छ । पाकिस्तान, मलेशिया, जोर्डन, इरान, सेनेगल, टुनिसिया, सुडान र इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रले समेत आफ्ना नागरिकहरूको मृत्यु भएको पुष्टि गरेका छन् ।

अमेरिकाले समेत आफ्ना कैयौं नागरिकहरूको ज्यान गएको ठानेको द वाल स्ट्रीट पत्रिकाले लेखेको छ । मित्रजन तथा आफन्तहरूले हराइरहेकालाई अस्पतालमा खोज्नुका साथै अनलाइनमा सन्देशहरू पोस्ट गरिरहेका छन् । मुस्लिमहरूको पवित्र शहर मक्कामा बर्सेनि ठूलो सङ्ख्यामा मुस्लिमहरूले हजयात्रा गर्ने गर्छन् । आर्थिक र शारीरिक रूपमा सक्षम सबै मुस्लिमहरूले आफ्नो जीवनकालमा कम्तीमा एकपटक उक्त तीर्थयात्रा गर्नुपर्ने बताइन्छ । साउदी अरबका अनुसार यस वर्ष १८ लाख मानिसहरूले हज गरेका थिए ।

एएफपीको विवरण अनुसार मृत्यु हुनेमध्ये आधाभन्दा धेरै दर्ता नभइकन गएका तीर्थयात्री थिए। उनीहरू अनियमित प्रक्रियाबाट हज पुगेका थिए । दर्ता नभइकन जाने तीर्थयात्रीहरू वातानुकुलित टेन्ट, होटल वा प्राथमिक स्वास्थोपचार जस्ता व्यवस्थित सुविधाबाट बञ्चित हुने एएफपीले लेखेको छ ।

जोर्डनका अधिकारीहरूले साउदी अरबमा



मुस्लिम तीर्थस्थल जाने अनौपचारिक बाटोलाई सहजीकरण गर्ने कैयौँ ट्राभल एजेन्ट्स र व्यक्तिहरूलाई पक्राउ गरेको जनाएका छन् । इजिप्टले समेत त्यस्तैखाले छानबिन गर्दैछ ।

साउदी अरबले पछिल्ला वर्षमा हजका लागि सुरक्षाका उपाय बढाए पनि त्यो अझै पर्याप्त नभएको भन्दै आलोचना हुने गरेको छ । त्यस्तो आलोचना खासगरी दर्ता नभएका तीर्थयात्रीका हकमा हुने गर्छ । पछिल्ला मृत्युलाई लिएर साउदी अरबले प्रतिक्रिया जनाइसकेको छैन ।

**मृत्युसँग जोडिएका केही पक्ष यस्ता छन् :**

**चरम तातो**

यसपटक साउदी अरबमा अभूतपूर्व तातो लहर देखा परेका कारण यति ठूलो सङ्ख्यामा हजयात्रीको मृत्यु भएको बताइन्छ। साउदी अरबको स्वास्थ्य मन्त्रालयले गर्मीबाट बच्न पानी पिउन अपिल जारी गरे पनि धेरै हज यात्री गर्मीको शिकार भए ।

नाइजेरियाली हजयात्री आयशा इद्रिसले भनिन्,-ईश्वरको कृपाले मात्र म बाँचेकी छु, किनभने त्यहाँ निकै गर्मी थियो । मैले छाता प्रयोग गर्नुपऱ्यो । म आफूलाई शीतल राख्नको लागि लगातार जम्जमको पानी (पवित्र पानी) खन्याइरहेकी थिएँ । अर्का हजयात्री नईमको गर्मीका कारण मृत्यु भएको बताइएको छ । उनका छोराले भने -आमासँग अचानक मेरो सम्पर्कविच्छेद भयो । हामीले धेरै दिन खोज्यौं त्यसक्रममा उहाँको हजको क्रममा मृत्यु भएको थाहा भयो । मक्कामा गाडिने उहाँको इच्छालाई हामी सम्मान गर्नेछौं ।

अत्यधिक गर्मीसँगै हजयात्रीले शारीरिक रूपमा कठिन गतिविधि पनि गर्नुपर्ने हुन्छ । विशाल खुला ठाउँमा बस्नु पर्ने भएकाले अत्यधिक गर्मी महशुस हुन्छ । धेरै हजयात्रीहरू वृद्ध र अस्वस्थ छन् । यद्यपि हजको समयमा गर्मीसँग सम्बन्धित मृत्युहरू असामान्य होइनन् । यो सन् १४०० देखि भइरहेको छ ।

वैज्ञानिकहरूले विश्वव्यापी तापमान वृद्धिका कारण अवस्था बिग्रने चेतावनी दिएका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

# जंगली च्याउ खाँदा एक जनाको मृत्यु, चार गम्भीर



**झापा, असार ९।** जंगली च्याउ खाँदा एक जनाको मृत्यु भएको छ। मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-७, स्थित दगुबाङ गाउँमा जंगली च्याउको तरकारी खाँदा एकै घरका ५ जना बिरामी भएकोमा एक जनाको मृत्यु भएको हो भने परिवारका बाँकी ५ जना सिकिस्त बनेको प्रहरीले जनाएको छ।

जंगलबाट ल्याएको च्याउ खाँदा चेपाङ परिवारका पाँच जना गम्भीर बिरामी परेका थिए। मृत्यु हुनेमा बाबु ४५ बर्षीय दलबहादुर चेपाङ रहेको राक्सिराङ-७ का वडा अध्यक्ष रामबहादुर चेपाङले बताए।

जंगली च्याउ खाएर गम्भीर भएका दलबहादुरलाई आइतबार उपचारका लागि चितवनको भरतपुर अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको वडाध्यक्ष चेपाङले बताए। मृतक दलबहादुरको श्रीमती जालीमाया, दुई छोरीहरू रेञ्जु र सिवना, छोरा सुशीलको अवस्था गम्भीर रहेको र चितवनस्थित भरतपुर अस्पतालमा उपचार भइरहेको उनले जनाए।

# छाउपडीमा किशोरी बलात्कार भएको विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौं, असार ९।** राष्ट्रियसभा अध्यक्ष नारायाणप्रसाद दाहालले अछामको पञ्चदेवल नगरपालिका -२ मा एक छाउगोठमा किशोरी बलात्कृत भएको विषयबारे सांसदहरुले उठाएका प्रश्नको जवाफ दिन गृहमन्त्रालयलाई रुलिङ गरेका छन्।

आइतबारको राष्ट्रियसभा बैठकमा सांसदहरुले सो विषयमा उठाएका प्रश्नको जवाफ दिन उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेलाई रुलिङ गरेका हुन्। उनले आकस्मिक र शून्य समयमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिन सधैँजसो मन्त्रीलाई पत्र पठाउने गरेको भएपनि चासो नदेखाएको बताए। उनले सांसदहरुले उठाएका प्रश्नको जवाफ दिन मन्त्रीहरुको कार्यतालिका नै बनाएको भएपनि प्रभावकारी कार्यान्वयन हुन नसकेको बताए।

आकस्मिक समय, शून्य समय लगायत जुन समयमा सदस्यहरुले विषय उठाउनु हुन्छ, ती विषयहरु सधैँ जसो सम्बन्धित मन्त्री कहाँ पठाउने पनि गरेका छौँ। हरेक दिन पठाएका छौँ। आज उठेका विषयहरु जो छन्, अछामको छाउपडीको विषयमा जुन विषय उठेको छ, त्यसको बारेमा गृहमन्त्रीले आएर जवाफ दिन म ध्यानाकर्षण गराउँछु। सचिवालयलाई पत्र पठाउन म निर्देशन दिएको छु - उनले भने।

## लागूऔषध ...

देखिने पदार्थ २ ग्राम ८ सय ७० मिलिग्राम, मोबाइल २ थान र नगद ७७ हजार ९ सय रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-४ मिमिहवा बस्ने २१ वर्षीय रवीन्द्र लोध र २३ वर्षीय लालमोहन लोध रहेका छन्। इलाका प्रहरी कार्यालय सूर्यपुराबाट खटिएको प्रहरीले लु.२१ प ३२५३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

## साउदी ...

क्लाइमेट एनालिटिक्सका कार्ल फ्रेडरिक स्लुसनरले भने- विगत १,००० वर्षदेखि गर्मीको मौसममा हज यात्रा हुँदै आएको छ तर जलवायु सङ्कटले यो अवस्थालाई अझ खराब बनाउँदैछ।

उनीहरूको अनुसन्धानले सन् १८५० देखि १९०० को बीचमा रहेको आजको तापक्रमको तुलनामा विश्वको तापक्रम १.५ डिग्री सेल्सियसले बढेको र हजको समयमा तातो लहरको जोखिम पाँच गुणासम्म बढ्न सक्ने देखाएको छ।

**भिडभाड र सरसफाईको समस्या**

त्यहाँबाट आएका हजयात्रीहरुका अनुसार साउदी अधिकारीहरूको खराब व्यवस्थापनले स्थितिलाई अझ खराब बनाएको बताइएको छ। जसमा तीर्थयात्रीका लागि तोकिएका स्थानमा समेत उनीहरूले सास्ती खेप्नुपरेको उल्लेख छ। विवरणहरूका अनुसार आवासको व्यवस्था राम्रोसँग गरिएको थिएन।

आवश्यकताभन्दा बढी मानिसलाई टेन्टमा राखिएको थियो जहाँ गर्मीबाट जोगाउने उचित व्यवस्थापन थिएन। यसबाहेक सरसफाईमा पनि सर्वसाधारणलाई समस्या परेको छ।

पाकिस्तानको इस्लामावादकी ३८ वर्षीया अमिना भन्छिन्, - हामी मक्कामा बसेका टेन्टहरूमा एयर कन्डिसनर थिएन। अधिकांश समय त्यहाँ जडान गरिएका कुलरहरूमा पानी थिएन। ती पालमा यतिबिधि उकुसमुकुस भयो कि हामी पसिनाले भिजेको हुन्थ्यौं र त्यो एउटा भयानक अनुभव थियो।

जकार्ताबाट हज गर्न आएकी फौजिया पनि यस्तै कुरा गर्छिन्। पालमा धेरै भीड र गर्मी भएकोले धेरै मानिस बेहोस भएको उनीहरूको भनाइ छ।

यद्यपि साउदी स्वास्थ्यमन्त्रीले हज यात्रीका लागि पूर्ण व्यवस्था मिलाइएको बताएका छन्।

एक सरकारी विज्ञप्तिमा हजयात्रीहरूका लागि १८९ अस्पताल, स्वास्थ्य केन्द्र र मोबाइल क्लिनिकहरू निर्माण गरिएको उल्लेख छ। त्यसमा कूल ६५०० शय्या छन्। यसबाहेक हजयात्रीका लागि ४० हजारभन्दा बढी मेडिकल, प्राविधिक, प्रशासनिक कर्मचारी र स्वयम् सेवक खटाइएका छन्।

**यातायात**

हज तीर्थयात्रीहरूले धेरैजसो अत्यधिक गर्मीमा लामो पदयात्रा गर्नुपर्छ जसको लागि तीर्थयात्रीहरूले अवरुद्ध सडक र कमजोर पूर्वाधारलाई दोष दिन्छन्।

निजी समूहका लागि हजयात्राको आयोजना गर्ने मोहम्मद आचा भन्छन्, -गर्मीमा सामान्य हजयात्रीले दिनमा १५ किलोमिटर हिँड्नुपर्छ। त्यस क्रममा उनीहरूले गर्मी, थकान र पिउने पानीको अभाव सामना गर्नु पर्ने हुन्छ। यो मेरो १८औं हज हो र मेरो अनुभवमा साउदीले सुविधा दिँदैन तर नियन्त्रण गर्छ। सहयोगका नाममा केही गर्दैनन्- उनी थप्छन्।

सुरुवाती वर्षमा पुग्नका लागि यू-टर्न खुला थियो तर अहिले ती सबै रुट बन्द भएका छन्। जसले गर्दा ए श्रेणीको टेन्टमा बस्ने सामान्य हजयात्रीले समेत गर्मीका बीच आफ्नो पालमा पुग्न २.५ किलोमिटर हिँड्नु पर्छ।

यदि बाटोमा आपत्कालीन अवस्था आयो भने अर्को ३० मिनेटसम्म कुनै पनि सहयोग पुग्न सक्दैन। न त्यहाँ जीवन रक्षक सुविधा छ न त सडकमा पानीको व्यवस्था नै गरिएको छ।

**बिना कागजात हजयात्रा**

हज गर्नका लागि एक व्यक्तिले विशेष हज भिसाको लागि आवेदन दिनुपर्छ। तर साउदी अधिकारीहरू भन्छन् - कडिकडाउ गर्दागर्दै पनि केही मानिसहरू वैध कागजातबिनै हजयात्रामा जान खोज्छन्। यस्तो अवस्थामा समस्याहरू पर्दा हज तीर्थयात्रीहरूले सहायता माग्नुको साटो साउदी अधिकारीहरूलाई छल्ने प्रयास गर्छन्। टेन्टमा भीड लाग्नु र अत्यधिक मृत्यु हुनुलाई दर्ता नगरी जाने हजयात्रीहरू जिम्मेवार रहेको अधिकारीहरूको भनाइ छ। दर्ताबिनै हज गर्न गएका कारण धेरैको मृत्यु भएको छ।

इन्डोनेशियाको राष्ट्रिय हज र उमराह आयोगका अध्यक्ष मुस्तौलिह सिरादज भन्छन्,-हज भिसा बिनाका मानिसहरू हज क्षेत्रमा प्रवेश गरेकोमा हामीलाई शङ्का छ। हज र उमराहका लागि राष्ट्रिय समितिका सल्लाहकार साद अल-कुरेशीले भने -हज भिसा नभएको जोसुकैलाई हामीले स्वागत गर्दैनौं र उनीहरू आफ्नो देश फर्किनुपर्छ। हज भिसा पाएका व्यक्तिलाई दिइने 'नुसुक कार्ड'बाट यस्ता हजयात्रीको पहिचान हुने गरेको उनले बताए।

उक्त कार्डमा बारकोड छ जसको सहायताले हजयात्रीले पवित्र स्थानहरूमा प्रवेश गर्न सक्छन्।

**वृद्ध, कमजोर र बिरामी हज तीर्थयात्रीहरू**

प्रत्येक वर्ष हजको समयमा हुने मृत्युको एउटा कारण धेरै हजयात्रीहरू आफ्नो जीवनभरको बचतका भरमा जीवनको उत्तरार्धमा हज गर्न खोज्नु रहेको बताइन्छ। धेरै मुस्लिमहरू यदि आफ्नो मृत्यु भइहालेमा समेत त्यो हजको समयमा हुने सम्झेर मक्का पुग्छन्। किनकि पवित्र सहरमा मर्नु र त्यहाँ गाडिनु कुनै आशीर्वाद भन्दा कम नहुने उनीहरूको विश्वास छ।

**कसैको मृत्यु भयो भने के हुन्छ ?**

साउदी अरबमा हरेक वर्ष अत्यधिक गर्मी, भीडले कुल्चिएर, बिरामी परेर वा सडक दुर्घटनालगायत विभिन्न कारणले हजयात्रीको ज्यान जाने गरेको छ। यस्तो अवस्थामा साउदी अरेबियाको सरकारले मृतकको पहिचान र अन्त्येष्टिजस्ता अन्य कुराहरूको जिम्मेवारी लिन्छ। साउदी अरबको हज कानूनमा प्रस्टसँग उल्लेख गरिए अनुसार यदि कुनै व्यक्तिले हज गर्दा आफ्नो ज्यान गुमाएमा उसको शव देश पठाइने छैन बरु साउदी अरबमा नै गाडिनेछ।

प्रत्येक हज यात्रीले आफ्नो हज आवेदन फारममा घोषणा गर्दा नै यदि आफ्नो साउदी अरबको जमिन वा आकाशमा मृत्यु भएमा साउदी अरबमा नै गाडिने सहमति जनाएका हुन्छन्। यस सम्बन्धमा परिवारका कसैको आपत्ति भएमा समेत स्वीकार नगरिने उक्त कानुनमा उल्लेख छ।

साउदी अरबमा हज गर्न जाने क्रममा कसैको मृत्यु भएमा सबैभन्दा पहिले साउदी अरबस्थित सम्बन्धित देशको हज मिसनलाई खबर गरिन्छ।

हज गर्न आउने सबैले लगाउनु पर्ने नाडी वा घाँटीको पहिचान ब्यान्डबाट मृतकको नाम, उमेर, एजेन्सी, देश, परिचयपत्र नम्बर र पहिचान ब्यान्ड जस्ता केही महत्त्वपूर्ण जानकारीहरू प्राप्त गर्न सकिन्छ।

अन्त्येष्टिको प्रार्थना मक्काको मस्जिद अल-हरम वा मदिनाको पैगम्बरको मस्जिदजस्ता महत्त्वपूर्ण मस्जिदहरूमा हुन्छ।

शवलाई धुने, कपडाले बेर्ने र साउदी सरकारले उपलब्ध गराएको फ्रिजरमा राख्नेजस्ता सबै खर्चहरू हज यात्राकै खर्चले समेट्छ। कुनै चिह्नबिना कहिलेकाहीं एकै ठाउँमा धेरै शवहरू सरल प्रक्रियासाथ गाडिन्छन्। चिहानको पुस्तिकामा कसलाई कहाँ गाडिएको छ भनेर सूची राख्ने हुँदा परिवारहरूले चाहेमा चिहानहरू हेर्न सक्छन्।

साउदी सरकारले विभिन्न समूह र रेड क्रसेन्टको सहयोगमा "मर्यादित र सम्मानजनक अन्तिम संस्कार प्रक्रिया" सुनिश्चित गरेको बताउँछ।

## मुख्य ...

समेत उल्लेख छ। यसरी निलम्बनमा पर्ने व्यक्तिले कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थामा वा नेपाल सरकारलाई कुनै किसिमले प्राप्त ऋण वा अनुदान रकममा व्ययभार पर्ने पदमा कुनै पनि किसिमले नियुक्त भई काम गर्न पाउने छैन।

मुख्यसचिव अर्यालविरूद्ध अन्तशुल्क खरिद गर्दा अनियमितता गरेको आरोप छ। उनी २०८० जेठ ३२ गते बसेको मन्त्रिपरिषदको निर्णयबाट मुख्यसचिव भएका थिए।

## महत्वाकांक्षी ...

पनि बिरीङ खोलामा पक्की बाँध बाँधेका कारण सिङ्गो डाँगीबारी बजार सुरक्षित भएको छ। यस अघि यो क्षेत्रमा दुई चरण गर्दै झण्डै पाँच करोड रुपैयाँको लागतमा बिरीङ खोलामा बाँध बाँधिएको बाह्रदशी-७ का वडाध्यक्ष मित्रराज भट्टराईले जानकारी दिए।

हरेक वर्ष बिरीङ खोलामा आउने बाढीले यहाँको खेतीयोग्य सयौं बिगाह जमीन डुबानमा पर्ने गरेको थियो भने नदी कटानको समस्याले बस्ती नै सार्नुपर्ने अवस्था थियो। वडाध्यक्ष भट्टराईले भन - बिरीङ खोलामा बाँध बाँधेपछि सिङ्गो बाह्रदशीवासी सुरक्षित छौँ।

बाह्रदशी २ र ३ मा पर्ने मोटापानी पश्चिम बिरीङ खोलाका तटीय क्षेत्रमा समेत पक्की बाँध निर्माण गरिएको बाह्रदशी २ का वडाध्यक्ष भीमवहादुर कार्कीले बताए। संघीय सरकारको सहयोगमा ि बाँध बाँधेपछि खेतीयोग्य जमिन डुवानको समस्या हटेर गएको हो।

**५२३१ मिटर पक्की नाला निर्माण**

गाउँपालिकाले आर्थिक वर्ष २०७४/०७५ देखि हालसम्म पाँच हजार दुई सय ३१ दशमलव १५० मिटर भू भागमा नाला निर्माण गरेको छ।

जसका कारण पानी ब्यवस्थापनमा सहज भएको बताइन्छ। बर्षा याममा भेलबाढीसहित आउने पानीलाई निकास दिनका लागि नाला उपयोगीसिद्ध भएका छन्। सडक निर्माणसँगै नाला निर्माण गरिएकाले पानी ब्यवस्थापनमा सहज भएको बताइएको छ। पालिकाले हालसम्म कच्ची र पक्की गरी ६ हजार ९ सय ७१ दशमलव १५ मिटर भूभागमा नाला निर्माण गरेको हो।

यता गाउँपालिकाले पछिल्ला वर्ष अन्धुवा र घाग्रा खोलामा तीन वटा पक्की पुल निर्माण गरेको छ। त्यस्तै २७ वटा बक्स कल्भर्ट, १२ वटा स्ल्याव, ९५ वटा ह्युमपाइप, राधानगरमा एउटा ट्रस पुल निर्माण गरेको छ। त्यस्तै लक्ष्मीथान जाने सडक खण्डमा भागुडुब्बा पूर्व झोलुङ्गे पुल निर्माणाधीन अवस्थामा रहेको गाउँपालिकाका प्रविधिक शाखा प्रमुख नारायणप्रसाद खरेलले जानकारी दिए।

**२२ वटा भवन निर्माण**

गाउँपालिकाले प्रशासनिक भवन सहित २२ वटा भवन निर्माण गरेको छ। सातवटा रहेको बाह्रदशी गाउँपालिकाले ६ वटा वडा कार्यालय भवनसहित वडा नम्वर -२ को कार्यालय भवनमा तल्ला थप सहित २२ वटा भवन निर्माण गरेको हो। गाउँपालिकाका लागि प्रशासनिक भवनसहित तीनवटा भवन निर्माण गरिएका हुन्। प्रशासनिक भवन निर्माणाधीन छ।

यता आधारभूत स्वास्थ्य केन्द्रका लागि ४ वटा भवन निर्माण भएका छन् भने गाउँघर क्लिनिक/ खोप केन्द्रका लागि ९ वटा भवन निर्माण भएका छन्।

विद्यालयका लागि विभिन्न विद्यालयमा ५६ वटा कोठाका भवन निर्माण गरिएका छन्। पछिल्लो वजेटबाट गौरीशंकर माध्यमिक विद्यालयको चार कोठे भवन निर्माणाधीन रहेको छ। विद्यालयमा छात्रा शौचालय १२ छात्र शौचालय ११ वटा निर्माण गरिएका छन्।

बाल विकास केन्द्रका लागि दुई वटा भवन निर्माण भएका छन्। त्यस्तै पालिकामा २० वटा सार्वजनिक शौचालय निर्माण गरिएका छन्। महिला, आदिवाासी जनजाति, ज्येष्ठ नागरिक, दलित सहितका सामुदायिक भवन १२ वटा निर्माण भएका छन् भने मलामीघर तीन वटा निर्माण भएका छन्।

जनता आवास कार्यक्रम मार्फत पालिकामा विपन्नका लागि ११२ वटा घर निर्माण गरिएको गाउँपालिकाका

अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईले जानकारी दिए। २९ वटा मठ मन्दिर, गुम्वा, मस्जिद, मदरसाका भवन निर्माण गरिएका छन् भने तीन वटा धर्माशाला/ वृद्धाश्रम निर्माण गरिएको छ। १६ वटा सामुदायिक विद्यालय रहेको बाह्रदशीमा सात वटा विद्यालयमा घेराबेरा गरिएको छ।

कृषकलाई लक्षित गर्दै सिँचाई सुविधाका लागि गाउँपालिकाले डिप बोरिङ, स्यालो ट्युवेल, डिप ट्युवेल उपलब्ध गराउँदै आएको छ। कुलो/ पैनीबाट मात्र कृषकलाई खेतीगर्न असहज भएपछि पालिकाले सिँचाईका लागि कषकसँग साझेदारी गर्दै मोटर, स्यालो ट्युवेल, डिप बोरिङ उपलब्ध गराएको हो। आर्थिक वर्ष २०७९/०८० सम्म बाह्रदशीका १२२ कृषकलाई यस्ता उपकरण प्रदान गरिएको छ।

त्यस्तै १२६ विपन्न परिवारलाई खानेपानीका लागि ट्युवेल निःशुल्क बितरण गरिएको गाउँपालिकाले जनाएको छ। खानेपानी आयोजनाका लागि पाइप विस्तार गर्न समेत सहयोग पुऱ्याएको बताइएको छ।

पालिकाको पहलमा १० दशमलव ९० किलोमिटर भू भागमा विद्युत् प्रशारण लाइन पुऱ्याइएको छ। नेपाल विद्युत् प्राधिकरणसँग साझेदारी गर्दै गाउँपालिकावासीलाई विद्युत् सेवा उपलब्ध गराइएको हो। त्यस्तै २९ स्थानमा सार्वजनिक वत्ती जडान गरिएको छ। गाउँपालिकाभित्र दुईवटा यात्रु प्रतिक्षालय समेत तयार भएका छन्।

## एक्सेल ...

निर्माण सबैको जिम्मेवारी भएको बताए। उनले डस्टबिन वितरण कार्यक्रममार्फत बैंकले समुदायलाई फोहोर व्यवस्थापनमा सजिलो पार्न मद्दत पुऱ्याउने उद्देश्यले डस्टबिन वितरण गरिएको बताए।

कार्यक्रममा बैंकका कर्मचारी, स्थानीय बासिन्दा समेतको उपस्थिति रहेको थियो। सहभागीहरू सबैले फोहोरलाई सही स्थानमा व्यवस्थापन गर्न तथा बजारको सफाईमा योगदान पुऱ्याउन आह्वान गरे।

डस्टबिन वितरण कार्यक्रमसँगै बैंकले अन्य थुप्रै सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ। बैंकले शिक्षा, स्वास्थ्य, तथा वातावरण संरक्षणका क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता जनाइएको छ।

कार्यक्रममा वडा कार्यालयको तर्फबाट कृष्ण प्रधान, समाजसेवीहरु चन्द्र खड्का, कृष्ण खतिवडा, भवकृष्ण पोखरेल, ठाकुर दाहाल लगायतको उपस्थिति रहेको थियो।

## पाँच ...

रूपमा निर्माण हुने भएपछि स्थानीयले मुआब्जा नलिई सडकलाई जग्गा प्रदान गरेका थिए।

नालासहित २१ मिटर चौडाइको सडकमा १३ मिटर कालोपत्रे र बाँकी भाग साइकल र पैदलपथ निर्माण गर्ने योजना थियो। तर पाँच वर्ष बित्न लाग्दा पनि सडक कालोपत्रे नभएपछि स्थानीय बर्खायाममा हिलाम्मे र हिउँदमा धुलाम्मे सडकमा हिँड्न बाध्य छन्।

भइरहेको सानो सडक भत्काएर ठूलो सडक बनाउने योजना आएपछि स्थानीयमा खुसी छाएको थियो। ७९ वर्षीय छवीन्द्रमानसिंह कार्कीले भने- सडकको चौडा बढाउने भनेपछि ७६० फिट मुख रहेको जग्गाको झण्डै पाँच कट्ठा जग्गा दिएको तर पाँच वर्ष पूरा हुँदा पनि सडक बनेको छैन। हिउँदमा धुलो र वर्षायाममा हिलो खेप्नु परेको छ। महेन्द्रचोकमै होटल व्यवसाय गर्दै आएका यादव अधिकारीले भने - हिलो र धुलोका कारण व्यापार हुन छोड्यो। सडक नजिकैका घरमा मात्र होइन,कोठा चोटामा समेत धुलो र हिलो खेप्नु परिरहेको छ।

२८ किलोमिटर लामो यो सडकले मोरङका पथरी शनिश्चरे, सुनवर्सी र रङ्गेली नगरपालिका हुँदै भारतको चोप्राहा जोड्छ। नेपाल-भारतको व्यापारसँग जोडिएको यो सडक निर्माण नहुँदा स्थानीयले वर्षौंदेखि ठूलो सास्ती खेप्नु परिरहेको छ।

रङ्गेली नगरपालिका-७ स्थित भोटुबाबु चोकदेखि सुनवर्सीको टकुवा सीमासम्म अझ कम काम भएको स्थानीय सत्यनारायण साहले बताए। सडक निर्माणका लागि भोटुबाबु चोकदेखि सुनवर्सीको सीमानासम्म नगरपालिकाले ५२ फिट सडक निर्माणका लागि सम्पूर्ण घरटहरा हटाएर पूर्ण रूपमा खाली गराए पनि सडक बन्न सकेको छैन। दिनहुँ आवतजावत गर्ने विद्यार्थी तथा ससाना बालबालिकालाई समस्या पर्ने गरेको अभिभावक सम्पत राजवंशीले बताए।

निर्माण कम्पनीले काम नगरेपछि पथरी शनिश्चरे नगरपालिकाको सभा कक्षमा मोरङका प्रमुख जिल्ला अधिकारीसहितको टोलीसँग निर्माण कम्पनीले काम शुरु गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। जेठ १२ गते भएको सम्झौता अनुसार काम थालेको स्थानीय पर्शुराम कार्कीले बताए।

तर कान्छाराम कन्स्ट्रक्सनका फिल्ड इञ्जिनियर विमलेश यादव सरकारले समयमा भुक्तानी दिन नसकेकाले काम रोकिएको बताउँछन्। उनले भने -४० प्रतिशत भौतिक प्रगति भइसकेको छ। सरकारले ३० करोड रुपैँयाँ मात्र भुक्तानी गरेको छ। उनले दुई करोड ५० लाख रुपैँयाँ भुक्तानी लिन बाँकी रहेकोमा असार ७ गते ७० लाख रुपैयाँ प्राप्त भएको बताए। पछिल्लो पटक ५० लाख रुपैयाँको बिल पेश गरिएको र भुक्तानी रोकिएन भने थपिएको म्याद २०८२ सालको असार मसान्तभित्र सडक जिम्मा लगाउने उनले बताए। सडक निर्माणका लागि बिजुलीका पोल र सडक क्षेत्रमा पर्ने रुख पनि बाधक भएको इञ्जिनियर यादवको भनाइ छ। सडक क्षेत्रका बिजुलीका पोल सार्न ५० लाख रुपैयाँ खर्च हुने प्रारम्भिक लागत अनुमान थियो तर विद्युत् प्राधिकरणले एक करोड ५० लाख रुपैयाँ खर्च हुने देखाएको छ।

सरकारले समयमा रकम निकासा नगर्दा सडक निर्माणको लागत खर्चसमेत २० प्रतिशतले बढ्ने यादवको भनाइ छ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेशको

प्रथमपटक प्रकाशित मितिः २०८१/०३/१०

# कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

यस संस्थासँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिमपटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ। अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५० (पुनर्लेखन २०७७) र कर्जा कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्रसं | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | सेवाकेन्द्र | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाबुराम पराजुली | भद्रपुर -१० | मनोरथ पराजुली | जनकलाल पराजुली | शुसिला कुमारी पराजुली | चन्द्रगढी | शुसिला कुमारी पराजुली/बाबुराम पराजुली | मंगलप्रसाद तिमलसिना/मनोरथ पराजुली |
| २ | योजना पराजुली | भद्रपुर -१० | बाबुराम पराजुली | मनोरथ पराजुली | | चन्द्रगढी | योजना पराजुली | बाबुराम पराजुली |
| ३ | जगत बहादुर विष्ट | विर्तामोड - ८ | शेर बहादुर विष्ट | विर्ख बहादुर विष्ट | टिका माया मुखिया | चन्द्रगढी | शेर बहादुर विष्ट/जगत बहादुर विष्ट | भरत सिंह विष्ट/विर्ख बहादुर विष्ट |
| ४ | जय प्रकाश राजवंशी | भद्रपुर -७ | अमरसिंह राजवंशी | चिलकु राजवंशी | डुमा राजवंशी | चन्द्रगढी | जय प्रकाश राजवंशी | अमर सिंह राजवंशी |
| ५ | हरी प्रसाद घिमीरे | भद्रपुर -१० | दाताराम घिमिरे | विष्णु लाल घिमिरे | सुना निरौला | चन्द्रगढी | हरी प्रसाद घिमीरे/सुना निरौला | दाताराम घिमिरे/तुलसी प्रसाद निरौला |
| ६ | सुना निरौला | भद्रपुर- ७ | तुलसीप्रसाद निरौला | पशुपती निरौला | हरी प्रसाद घिमीरे | चन्द्रगढी | हरी प्रसाद घिमीरे/सुना निरौला | दाताराम घिमिरे/तुलसी प्रसाद निरौला |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**बचत तथा ऋण व्यवसाय समिति**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# करलाई बोझ नबनाऊ

नेपालको संविधानले नेपाललाई तीन तहमा विभाजन गरेको छ । त्यही सवैधानिक व्यवस्था अनुसार तीनवटै तहका सरकारले विविध शीर्षकमा कर उठाउँछन् । यहाँ आर्थिक कारोबार गर्ने मात्र होइनन् सर्वसाधारणले पनि विविध शीर्षकमा कर तिर्नु पर्छ । हाम्रो करका प्रकारका आधारमा यो दक्षिण एसियाकै महँगो भनेर टिप्पणी पनि हुने गरेको छ । यद्यपि संसारका सबै देशहरुले कर उठाउँछन् र त्यही संकलित करबाट राजश्वको निर्माण हुन्छ । जसले विकासका पूर्वाधार निर्माणदेखि तिनको स्तरोन्नति र नागरिकलाई संविधान प्रदत्त अधिकारको उपभोगका निमित्त खर्च गरिन्छ । त्यही राजश्वले सामाजिक सुरक्षा र नागरिकको सेवामा रहेका राष्ट्रसेवक, जनप्रतिनिधिहरु र सुरक्षा संयन्त्रको पारिश्रमिक लगायतका सुविधा प्रधान गरिन्छ ।

संघ, प्रदेश र स्थानीय गरी तीन तहमा रहेको सरकारले अलग–अलग शीर्षकमा कर उठाइरहेका छन् । संघीय सरकारले उठाउने कर बीस थरीका छन् भने प्रदेश र स्थानीय सरकारले थप बाह्र शीर्षकमा कर उठाइरहेका छन् । यस्ता करहरुको स्रोत भने जनता नै हुन् र एउटै काममा फरक–फरक शीर्षकमा कर तिर्नुपर्ने बाध्यताले सर्वसाधारण हैरान छन् । प्रदेश तथा स्थानीय सरकारले आफूले संकलन गरेको करको साठ्ठी प्रतिशत राखेर बाँकी चालीस प्रतिशत माथिल्लो निकायलाई बुझाउनुपर्ने प्रावधान छ । यस्तो अधिकारका कारण स्थानीय सरकारभित्र आर्थिक अनियमितता र बेथिति बढेको आरोप लाग्ने गरेको छ । अझ कतिपय स्थानीय सरकारले स्वायत्तका नाममा एउटै जिल्ला वा एउटै प्रदेशमा कर र करको दरमा पनि आफूखुशी गर्दा आर्थिक अराजकता सृजना भएको जानकारहरु बताउँछन् ।

कतिपय अवस्थामा संघीय सरकारले नै स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरेका कारण स्थानीय सरकारले मनपरी ऐन बनाएर कर असुली गरेको करदाताहरुले गुनासो गरेका छन् । स्थानीय तह सञ्चालन ऐन २०७४ ले दिएको अधिकार दुरुपयोग गर्दै स्थानीय सरकारले करमा मनपरी गरेको र संघीय सरकारले अनुगमन नगर्दा विकृति बढेको उनीहरुको आरोप छ । पालिकापिच्छे करको दर पनि फरक भएका कारण एउटै वस्तु र शीर्षकमा पटक–पटक कर तिर्नु परेको र यसका कारण उद्योगी, व्यापारी तथा आम उपभोक्ता नै शोषणमा परेका छन् । यस्तोमा जनताको प्रतिनिधि भन्ने सरकारले करलाई बोजका रुपमा प्रयोग गर्नुहुन्न । त्यसैले सरकारले नीति, कानून र विद्यमान परिस्थितिको मूल्याङ्कन गर्दै सुधार गर्नुपर्छ ।

# जनपक्षीय नेता दीर्घ थापा



**तीर्थराज खरेल**



दीर्घ थापा अर्थात् दीर्घ सर अब यस धराधाममा रहेनन् । २०१५ सालमा जन्मेका थापाले २०८१ साल असार २ गते राति १:५० बजे कनकाई नगरपालिका-३ स्थित निजी निवासमा अन्तिम सास फेरे । समाजलाई निस्वार्थ भाव, परोपकार र मानवताको सन्देश दिएर जाने एक उदाहरणीय व्यक्तित्वका रूपमा झापाबासी विशेषतः कनकाई नगरवासीले उनलाई सदैव स्मरण गरिरहने छन् । सबैको स्मृतिमा एक असल व्यक्तित्वको अमिट छाप बनाएर अस्ताएका थापा जस्तै सब कोहीको मरण हुँदैन । उनको जीवन जनजनका मनमनमा सदैव शीर्षस्थानमा रह्यो भने उनको मृत्यु सगरमाथा जत्तिकै अग्लो र महान रह्यो । जो कोहीको मृत्यु यसरी स्मृतिमय हुँदैन ।

जीवनको लामो समय शिक्षा क्षेत्रमा बिदाएका थापा जनप्रतिनिधि हुनु अघिदेखि नै आफ्नो वडामा एक सफल न्यायाधीश जस्तैः भूमिकामा रहेर वडाबासीलाई सेवा प्रदान गर्दै आएका थिए । उनले जीवनका धेरै चुनौतिपूर्ण यात्रा पार गरेका छन्, धेरै उकाली-ओराली छिचोलेका छन् र धेरै सफलता हात पारेका छन् । तर, यस पटक क्यान्सरका जीवाणुसँगको युद्धमा उनी हारे । शान्त रहेको बेलामा, हुरीहुण्डरी नआएको बेलामा एउटा नरकट पनि ठिङ्ग उभिन सक्छ, तर आँधीहुरी चलेका बेलामा सतीसाल मात्र ठिङ्ग उभिन सक्छ । मुक्ति आन्दोलनमा, जनयुद्ध र जनान्दोलनका मोर्चामा अविचलित सतीसालझैं ठिङ्ग उभिएर विरोधीका प्रहार खपेका थापा एक असल जनपक्षीय नेता थिए । उनका घरमा उनी पदमा रहे पनि नरहे पनि न्यायका निम्ति बोलिदिनुहोस् भनी जनसाधारणको लाम लाग्थ्यो ।

विपन्न, दुःखी र भुइँमान्छेका लागि उनी 'आफ्नै' र 'घरभित्रका' थिए । उनी मुखका मात्रै नेता थिएनन् । उनको जनप्रियताको कारण उनको जनतासँगको घनिष्ठता थियो । उनी यति सरल थिए कि सर्वसाधारण उनीसँगको मनको कुरा बताउन सक्थे । अहिलेका धेरै पदासीनसँग जनता बोल्न पनि डराउँछन् । नगरपालिका वा गाउँपालिकाका प्रमुख, उपप्रमुख र जनप्रतिनिधिसँग निजी सचिव र सहयोगीसँग समय मिलाएर मात्र भेटघाट गर्न पाउने आजको अवस्था छ, तर दीर्घ सरसँग भेट्न सहज थियो । उनी एक असल गायक र अभिनेता पनि थिए ।

जनताका आँखा खोल्ने, चेतनाका दीप बाल्ने दर्जनौं गीत गाउने थापा सर एक उत्कृष्ट अभिनेता पनि थिए । पाँच दर्जनभन्दा बढी नाटकमा नायक र खलनायकको भूमिकामा अब्बल रूपमा प्रस्तुति दिने थापा सर दर्शकलाई जुरुकजुरुक उठाउँथे र सत्य र न्यायका लागि उभ्याउँथे । दीर्घ थापा एक रसिक व्यक्ति थिए । आफ्ना सारा दुःख-कष्ट र वेदनालाई आफ्नो मनभित्र लुकाएर दुनियाँसामु मुस्कुराउन सक्ने उनको गुण सदैव स्मरणीय छ । उनी हरदम ख्यालठट्टा गरिरहन्थे । विद्यार्थीसँग, समकक्षीसँग, सहकर्मी नेतासँग मात्र होइन, सबैसँग हँसीमजाक गरिरहने थापा सर सानाठूला सबैसँग समान व्यवहार गर्थे ।

विद्यार्थी र अभिभावकका लागि उनी एक अब्बल शिक्षक थिए । उदाहरण, दृष्टान्त, उपमा, कथा-कहानी जोडेर पाठलाई बुझाउन सक्ने क्षमताका धनी थापा सर विद्यार्थीका हृदयका गुरु थिए । उनले शिक्षकको मात्र भूमिका ननिभाएर एक उत्कृष्ट प्रधानाध्यापक र एक अब्बल प्रशासकको भूमिका पनि निभाएका थिए । उनी विद्यालयका लागि सदैव चिन्तित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भएर पनि शिक्षा क्षेत्रको अभिवृद्धिका लागि समर्पित रहेका थिए ।

चम्पापुर मावि, पशुपति प्रावि, भगवती आधारभूत विद्यालयका लागि उनले गरेको योगदान अनुशरणीय रहेको छ भने सुरुङ्गास्थित कनकाई बहुमुखी क्याम्पस, घैलाडुब्बामा रहेको आदर्श क्याम्पस मात्र होइन कनकाई नगरमा पहिलो पटक निजीस्तरबाट स्थापना भई सञ्चालनमा रहेको युनिक बहुमुखी क्याम्पसका त उनी एक असल सल्लाहकार र शुभचिन्तक थिए । स्वर्गीय थापा नेकपा एमालेका तर्फबाट विजय भएका कनकाई नगरपालिका वार्ड नं. ६ का वार्ड अध्यक्ष थिए ।


जनप्रतिनिधि भएर काम गर्दा उनी साझा जनप्रतिनिधिका रूपमा स्थापित थिए । उनले जनता र सेवाग्राहीका लागि कहिले पनि नेपाली काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा वा जनता समाजवादी पार्टी केही पनि भनेनन् । उनी सबैका साझा नेता थिए । उनी परिवारका एक असल अभिभावक थिए । पारिवारिक जीवनमा केही उतारचढाव भए पनि ती सबै प्रतिकूलतालाई सहनशील भएर चातुर्यका साथ अनुकूलतामा परिणत गरी समाजसेवाको बाटोमा सदैव अघि बढिरहे । बाहिर र भित्र, समाजसेवाको काम र पारिवारिक उत्तरदायित्वका वीच उनले सन्तुलन राखेर एक असल अभिभावकको उदाहरण प्रस्तुत गरेका थिए ।

उनी गाउँघर, साथीभाइ र इष्टमित्रका लागि भरोसायुक्त मानिस थिए । साञ्हो-गाञ्हो परेका बेला सेवा र सहयोगका लागि उनी सदैव अघि सर्थे । उनी भरपर्दा छिमेकी थिए । उनको जीवनको एक असल चारित्रिक गुणका रूपमा उनको मिलनसार चरित्रलाई लिन सकिन्छ । क्षेत्रीको छोरा भएर पनि उनमा नश्लवादी, जातिवादी भेदभावका कुनै पनि गुण थिएनन् । उनी जातीय विभेद विरोधी थिए । तथाकथित जातीय उँचनिच र छुवाछुतका उनी कट्टर विरोधी थिए । थापा सरको अल्पायुमा भएको निधनले कनकाई नगरबासी, विद्यार्थीहरू, समकक्षी, समवयी, दावाँली र शुभचिन्तकहरू अश्रुपुरित नयन लिएर शोकमा डुबिरहेका छन् । उनी जनताका सुख-दुःखका सारथी थिए ।

सामाजिक विभेद र वर्गीय मुक्ति आन्दोलनका पक्षमा लागिरहने एक असल, सच्चा, निःस्वार्थ व्यक्ति थिए । वार्ड बासीले एक कुशल वडा अध्यक्ष र परिवारजनले प्रिय अभिभावक गुमाउनु परेको छ । नेकपा एमालेले इमान्दार, कर्तव्यनिष्ठ कार्यकर्ता गुमाएको छ । रुद्रबहादुर थापा, विशाल थापा, बबिता थापाका स्नेही पिता, सामाजिक, सांस्कृतिक र शैक्षिक व्यक्तित्व थापा सरको निधनले स्तब्ध बनाएको र शोकमा डुबेको कनकाई सुरुङ्गा नगर उनका गुणहरूलाई आत्मसात गर्दै उनको अन्यायका बिरुद्धमा दृढ भएर उभिने चरित्रलाई हृदयाङ्गम गर्दै आफूलाई सम्हाल्न प्रयत्न गरिरहेको छ । उनमा राजनीतिक सङ्कीर्णता थिएन । उनी समाजसेवी थिए, मिलनसार थिए, ठट्टा रमाइलो मन पराउने मानिस थिए ।

अल बिदा दीर्घ सर ! भावपूर्ण श्रद्धाञ्जली !!

*tirthakharel2028@gmail.com*



# आत्मसम्मान र परिवर्तन



**कल्पना दाहाल**

जीवनको यात्रा अप्ठ्यारो र अनिश्चितताले भरिएको हुन्छ । हरेक मोडमा, हामी विभिन्न चुनौतिहरू र कठिनाइहरूको सामना गर्न बाध्य हुन्छौं । यी चुनौतिहरूको सामना गर्न हामीले सहनशीलता र धैर्यताको उच्चतम स्तरमा पुग्न आवश्यक हुन्छ । हामीले सोच्दछौं कि हाम्रो मिहिनेत र त्यागको कदर गरिनेछ, तर जब कदर गरिँदैन, हामीलाई आफैंलाई परिवर्तन गर्न बाध्य पार्छ । यस लेखमा हामी सहनशिलता, कदरको अभाव, र आत्म-सुरक्षाको जटिल प्रक्रिया बारेमा विस्तृत छलफल गर्नेछौं ।

**सहनशीलता र धैर्यताको मनोविज्ञान**

सहनशिलता र धैर्यता व्यक्ति विशेषको महत्वपूर्ण गुणहरू हुन्, जुन कुनै पनि समाजको स्थायित्व र प्रगतिका लागि आवश्यक छन् । सहनशीलता भनेको प्रतिकूल परिस्थितिमा स्थिर रहन सक्ने क्षमता हो । जब कि धैर्यता भनेको समय अनुसार परिणामको प्रतिक्षा गर्न सक्ने गुण हो । यी गुणहरू मानिसलाई तनावमुक्त रहन, समस्याहरूलाई तार्किक ढंगले हल गर्न र दीर्घकालीन लक्षहरूमा केन्द्रित रहन मद्दत गर्छन् ।

धेरै पटक, हामी हाम्रो परिवार, साथीहरू, सहकर्मीहरू वा समाजको लागि आफ्नो समय, प्रयास र ऊर्जा खर्च गर्छौं । हामीले उनीहरूको हितका लागि धेरै त्याग गर्छौं र यसबाट उत्पन्न हुने कदर र सम्मानको अपेक्षा गर्छौं । यस्तो अपेक्षा स्वाभाविक छ । किनकि हामीले दिएको माया र समर्पणको बदला रूपमा कदर पाउने आशा राख्छौं ।

जीवनमा कहिलेकाहीँ हाम्रो सबै प्रयासको बाबजुद पनि हामीले अपेक्षित कदर पाउँदैनौं । यो स्थिति एकदम निराशाजनक र हतोत्साहित हुने गर्छ । कदरको अभावले हाम्रो आत्म-सम्मानमा गहिरो असर पार्न सक्छ । आत्म-सम्मान भनेको आत्म-स्वीकृति र आत्म-मूल्यको भावना हो, जुन हाम्रो मानसिक स्वास्थ्यको लागि अत्यावश्यक छ । जब हामीले बारम्बार कदरको अभाव महशुस गर्छौं, हामीमा आत्म-सन्देह र निराशा उत्पन्न हुन्छ । यसले हाम्रो मानसिक र भावनात्मक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्छ, जसले गर्दा हाम्रो जीवनको विभिन्न पक्षमा प्रतिकूल असर पर्न सक्छ ।

**आत्म–परिवर्तन : आत्म–सुरक्षाको एक रूप**

जब हाम्रो सहनशिलता र धैर्यताको कदर गरिँदैन, हामीले आत्म-परिवर्तनको बाटो अपनाउन आवश्यक हुन्छ । आत्म-परिवर्तन भनेको आत्म-सुरक्षाको एक रूप हो । यसले हामीलाई हाम्रो आत्म-सम्मान र मानसिक शान्ति कायम राख्न मद्दत गर्छ ।आत्म-परिवर्तनको प्रक्रिया जटिल छ र यसले समय र प्रयासको आवश्यकता हुन्छ । हामीले हाम्रो व्यवहार, दृष्टिकोण र प्रतिक्रियाहरूलाई परिवर्तन गर्न सिक्नुपर्छ । यसले हामीलाई हाम्रो व्यक्तिगत सीमाहरू निर्धारण गर्न, हाम्रो प्राथमिकताहरू पुनः मूल्यांकन गर्न र हाम्रो व्यक्तिगत र व्यावसायिक जीवनलाई सुधार गर्न मद्दत गर्छ ।

**आत्म–परिवर्तनको सकारात्मक पक्ष**

आत्म-परिवर्तनको प्रक्रिया कठिन हुन सक्छ, तर यसले धेरै सकारात्मक परिणामहरू ल्याउन सक्छ । परिवर्तनले हामीलाई नयाँ अवसरहरू र सम्भावनाहरू खोज्न प्रेरित गर्छ । यसले हामीलाई अझ सशक्त, आत्मनिर्भर र आत्मविश्वासी बनाउँछ । आत्म-परिवर्तनको माध्यमबाट हामीले जीवनमा नयाँ दृष्टिकोण र दृष्टिविन्दुहरू प्राप्त गर्छौं, जसले हामीलाई हरेक परिस्थितिलाई नयाँ दृष्टिकोणबाट हेर्न मद्दत गर्छ ।

**आत्म–परिवर्तनको रणनीतिहरू**

आत्म-परिवर्तनको यात्रा शुरु गर्न, हामीले केही रणनीतिहरू अपनाउन सक्छौं -

**स्व-प्रतिबिम्बनः** हामीले हाम्रो जीवनमा के काम गर्दैछ र के गरिरहेको छैन भन्नेबारे गहिरो रूपमा सोच्नुपर्छ ।स्व-प्रतिबिम्बनले हामीलाई हाम्रो शक्तिहरू र कमजोरीहरू बुझ्न मद्दत गर्छ ।

**सीमाहरू निर्धारणः** हामीले हाम्रो व्यक्तिगत सीमाहरू निर्धारण गर्न आवश्यक छ । यसले हामीलाई अरूको अपेक्षाहरूको चापबाट मुक्ति पाउन मद्दत गर्छ ।

**नयाँ सीपहरूको विकासः** नयाँ सीपहरूको विकासले हामीलाई आत्मनिर्भर र आत्मविश्वासी बनाउँछ ।

**सकारात्मक सोचः** सकारात्मक सोचले हामीलाई हरेक परिस्थितिमा आशावादी रहन मद्दत गर्छ ।

**समय व्यवस्थापनः** समय व्यवस्थापनले हामीलाई हाम्रो प्राथमिकताहरूलाई सही रूपमा व्यवस्थापन गर्न मद्दत गर्छ ।

**निष्कर्षः**

जीवनमा हामीले सहन सक्नेसम्म झुक्ने प्रयास गर्छौं । तर,जब हाम्रो मिहिनेतको कदर गरिँदैन, हामीले आत्म-परिवर्तनको बाटो अपनाउनुपर्छ । आत्म-परिवर्तन आत्म-सुरक्षाको एक रूप हो । जसले हामीलाई हाम्रो आत्म-सम्मान र मानसिक शान्ति कायम राख्न मद्दत गर्छ । यस प्रक्रियामा हामीले सिक्छौं कि हामी आफैंलाई कसरी सशक्त बनाउने र जीवनमा अघि बढ्ने । परिवर्तन कठिन भए पनि यो आवश्यक छ र यसले हामीलाई एक राम्रो व्यक्तित्व बनाउन मद्दत गर्छ । जीवनको यो यात्रा सहनशिलता, कदरको अभाव र आत्म-परिवर्तनको कथा हो, जुन प्रत्येक व्यक्तिले अनुभव गर्नेछ ।



# मन्दिरको सञ्चालक समिति पुनर्गठन

**बिर्तामोड, असार ९।** झापाको धुलाबारी रहेको श्रीकृष्ण प्रणामी मन्दिर धुलाबारीको सञ्चालक समिति पुनर्गठन भएको छ ।

जीवन सापकोटाको अध्यक्षतामा १७ सदस्यीय सञ्चालक समिति चयन गरिएको निर्वाचन समितिका सदस्य टिकेन्द्र खनालले जानकारी दिए ।

पुनर्गठिन सञ्चालक समितिको उपाध्यक्षमा चन्द्र सापकोटा र चन्द्र ढकाल रहेका छन् । त्यस्तै सचिवमा गोकुल खड्का, सहसचिवमा विष्णु खनाल, कोषाध्यक्षमा केशव तिम्सिना र सहकोषाध्यक्षमा देवीप्रसाद भट्टराई रहेका छन् ।

त्यसैगरी सदस्यहरुमा ध्रुव सापकोटा, दिपक शिवाकोटी, कृष्ण ओझा, तुलारम सुवेदी, सुशिल खड्का थापा, दिलमाया कोइराला अभिचन्द्र भट्टराई, शरण अधिकारी, चन्द्र काफ्ले र राजु थपलिया निर्वाचित भएका हुन् ।

# बिर्तामोडमा विद्यार्थी प्रतिभा प्रदर्शन



**सुरुङ्गा, असार ९।** बिर्तामोड नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूका विद्यार्थीहरूको प्रतिभा प्रदर्शन गर्ने उद्देश्यले बिर्तामोड नगर शिक्षा शाखाले एक बृहद बौद्धिक प्रतिभा प्रदर्शनी कार्यक्रम सम्पन्न गरेको छ ।

बिर्तामोडस्थित महेन्द्र रत्न माध्यमिक विद्यालयमा आयोजना गरिएको उक्त कार्यक्रममा विभिन्न पाँच विधाका बौद्धिक प्रतिभाहरूलाई प्रतिस्पर्धा गराइएको थियो । बिर्तामोड नगर शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख तिलचन भण्डारीको अध्यक्षतामा सञ्चालित बौद्धिक प्रतिभा प्रदर्शनी कार्यक्रमको उद्घाटन नगरपालिकाका उपमेयर नगेन्द्रप्रसाद संग्रौलाले गरेका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै उपमेयर संग्रौलाले विद्यार्थीहरूलाई कोरा किताबी ज्ञान मात्र नदिई उनीहरूमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन हुने किसिमका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने कुरामा जोड दिएका थिए । कार्यक्रममा कक्षा ६ देखि ८ कक्षामा अध्ययनरत् विद्यार्थीहरूले मादल बजाउने, कक्षा ४ देखि ८ सम्मका विद्यार्थीहरूको लागि गायन प्रतियोगिता, कक्षा ४ र ५ का लागि दुना टपरी बनाउने प्रतियोगिता, कक्षा १, २ र ३ का लागि चित्रकला प्रतियोगिता र कक्षा ९ देखि १२ सम्मका विद्यार्थीका लागि आकस्मिक वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिएका थिए ।

प्रतियोगितामा चित्रकलातर्फ सेन्ट जेभियर्स माविका रिक्सन शेर्पा प्रथम, नवोदय फनमिन स्कूलका सक्षम कार्की द्वितीय, गोमेन्द्र बिर्तामोडल स्कूलका युनिका राजवंशी तृतीय र न्युटन्स एजुकेसनकी अरविन पौडेल र कञ्चनजंगा बोर्डिङका रिहाना श्रेष्ठले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । त्यसैगरी गायनतर्फ न्युटन एजुकेसनका स्माइल बजगाई प्रथम, सुनगाभा बोर्डिङका पूजन बुढा क्षेत्री द्वितीय, कञ्चन बोर्डिङका रोजी शेख तृतीय साथै बुद्ध स्मृति बोर्डिङका प्रसुन गुरागाँई र मनमाया माविका रोहीका तिम्सिनाले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

मादल बजाउने तर्फ न्युटनका संस्कार सापकोटा प्रथम, हेमिटी बोर्डिङका अचेतन भट्टराई द्वितीय, बाल्मिकी बोर्डिङका हृदयराज खनाल तृतीय र ग्लोरी बोर्डिङका मौसम तिम्सिना र देवी माविका सञ्जय प्याकुरेलले सान्त्वना पुरस्कार जितेका थिए । त्यसैगरी दुना टपरी बनाउने प्रतियोगिता अन्तर्गत मनमाया माविका सोनिया लिम्बू प्रथम, महेन्द्र रत्न माविकी खुश्बु शर्मा द्वितीय, दुर्गा माविका प्रनिश पाठक तृतीय र ग्रिन फिल्डकी आहना प्रधान र रुद्र मेमोरियल स्कुलका अनिषा भट्टराई सान्त्वना भएका थिए ।

माध्यमिक तह (९-१२) तर्फ सञ्चालित आकस्मिक वक्तृत्वकला एक्सटेम्पर स्पिचमा बाल्मीकि एजुकेसनका हृदयप्रसाद शिवाकोटी प्रथम, निदि माविका श्रेयम शिवाकोटी द्वितीय, महेन्द्ररत्न माविकी प्रस्तुति भट्टराई तृतीय र मोहनमाया माविकी आयुश्री मिश्र र टावर टेम्पल स्कुलकी सोनाक्षी राईले सान्त्वना स्थान ल्याउन सफल भएका थिए । पाँच वटा विधामा सञ्चालित प्रतियोगिता मध्ये चित्रकला प्रतियोगिता न्युटन एजुकेसन एकाडेमीमा सञ्चालन भएको थियो ।

समापन कार्यक्रमको प्रमुख अतिथि बिर्तामोड नगरपालिकाकी मेयर पवित्रा महतारा प्रसाईले सानासाना बालबालिकाहरूको प्रतिभालाई प्रस्फुटन गर्ने कार्यक्रम आयोजना गरेकोमा शिक्षा शाखा तथा विद्यालयहरूलाई धन्यवाद ज्ञापन गर्नुका साथै विद्यार्थीहरूको अन्तरनिहीत प्रतिभाको खोजी गर्न नगरपालिका सदैव तयार रहेको बताएकी थिइन् । प्रतियोगितामा निर्णायकको रूपमा बिर्तामोड नगरपालिकाभन्दा बाहिरका विज्ञहरूलाई बोलाइएको थियो ।

विजयी प्रतियोगीहरूलाई शिक्षक महासङ्घका अध्यक्ष युवराज कट्टेल, सचिव उमानाथ भण्डारी, दुर्गा माविका प्रधानाध्यापक लक्ष्मण शिवाकोटी, सरस्वती माविका प्रधानध्यापक दीपक लुइँटेल, महेन्द्र रत्न माविका प्रधानाध्यापक खड्गप्रसाद खरेल लगायतले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए भने विजयी प्रतियोगीले नगद पुरस्कार समेत प्राप्त गरेका थिए । प्रतियोगिताको सञ्चालन लीलाप्रसाद भण्डारी, धर्मेन्द्र भट्टराई र देवेन्द्र हुमागाँईले संयुक्तरूपमा गरेका थिए ।



# पर्यटकीय स्थल वेतना सिमसार

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मोरङको बेलबारीमा रहेको वेतना सिमसार आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण मानिएको वेतनामा प्रत्यक्ष रुपमा देख्न पाइने साइबेरियाबाट आउने पर्यटक चराका साथै कछुवा, माछा, अजिङ्गरका साथै हरिण लगायत पशुपंक्षीले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको हो ।

दुई प्रजातिका वेत वनस्पतीको जङ्गल रहेकाले यस क्षेत्रलाई वेतना सिमसार क्षेत्र भनिएको वेतना सिमसार सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शम्भु भटराईले बताए । यहाँ विषेशगरी चिसोपानी, स्वच्छ हावा र मनोरम दृश्य भएकाले आन्तरिक पर्यटकको रोजाइमापर्न थालेको उनको भनाइ छ ।

उनका अनुसार सिमसार घुम्न आउने पर्यटकका लागि पाइडल डुङ्गाको पनि व्यवस्था गरिएको छ । करिब ६५ विगाह क्षेत्रफल ओगटेको यस सिमसारमा साइबेरियाबाट आउने चराका साथै २५ प्रजातिका दुर्लभ चरा पाइन्छन् । साथै अति सङ्कटापन्न सूचीमा रहेको 'ब्लाक सफ्टसेल' नामक कछुवा दुई दर्जनभन्दा बढीको संख्यामा फेला परेको अध्यक्ष भट्टराईले जानकारी दिए ।

यहाँ पाइने वनस्पती, पशुंक्षीको संरक्षणमा उपभोक्ता समिति लागिरहेको उनको भनाइ छ । उनका अनुसार विश्वमै दुर्लभ प्रजातिका कछुवा, विभिन्न जातका माछा, जीवजन्तु, वनस्पती यस क्षेत्रमा पाइन्छन् ।

सिमसारबाट आउने पानीले करिब एक हजार दुई सय विगाह खेतीयोग्य जमीनमा सिँचाइ हुँदै आएको समितिका सचिव सुजित बस्नेतले जानकारी दिए । उनले यहाँ आउने पर्यटका साथै सय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले राजमार्ग क्षेत्रतर्फ तारले घेराबारा गरिएको बताउँदै यस क्षेत्रलाई थप आकर्षक बनाउन फुलबारी, विश्रामस्थल, वनभोजस्थल निर्माण गरिएको जानकारी दिए ।

बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राईका अनुसार वेतना सिमसारलाई पूर्वी नेपालको एउटा महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने बताए । उनका अनुसार पछिल्लो समय विभिन्न गोष्ठी र सेमिनरका लागि देशका विभिन्न स्थानबाट समूहमा आगन्तुक आउने गरेका छन् ।

वेतनामा दैनिक तीन सयभन्दा बढी र बिदाको समयमा पाँच सयभन्दा बढीको संख्यामा आन्तरिक पर्यटक अवलोकन गर्न आउने गरेका समितिका अध्यक्ष भट्टराईले जानकारी दिए । उनका अनुसार सिमसार प्रवेशवापत ३० रुपैयाँको टिकट निर्धारण गरिएको छ ।

# मन्टेश्वरी तालिम



**बुट्टाबारी, असार ९।** शिक्षा युवा तथा खेलकुद शाखा अर्जुनधारा नगरपालिकाको आयोजनामा सात दिने मन्टेश्वरी तालिम सञ्चालन गरेको छ ।

नगरपालिकसको सर्सत अनुदानमा असार १४ गतेसम्म सञ्चालन हुने कार्यक्रममा नगरका ५१ जना बाल विकास शिक्षकमध्ये आवेदन दिएका २५ जना बाल शिक्षकहरु उत्साहका साथ सहभागी भएको कार्यक्रमका अध्यक्ष एवम् शाखा प्रमुख उपसचिव तोयानाथ रेग्मीले बताए ।

विद्यालयको मेरुदण्ड भने कै बाल कक्षा वा नर्सरी कक्षाका बालबालिका नै हुन् यहाँबाट नै विद्यालय र विद्यार्थीको भविष्य जोडिएको हुन्छ । उनीहरुलाई खेलबाटै विभिन्न बिषय सिकाइ हुने पाँच-छ घण्टा विद्यालयमा रहने हुँदा सुताउने, उठाउने, नचाउने, गाउनेदेखि उनीहरुको सम्पूर्ण रेखदेख गर्ने जस्तो आमाको समेत भूमिका रहने हुन्छ । त्यसैले यस तालिमबाट अझ सिकेर सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोण शिक्षण कार्यको विकास होस् भन्दै प्रमुख अतिथि अर्जुनधारा नगर उपप्रमुख खडगमाया पराजुलीले तालिमको सफलता शुभकामना दिइन् ।

सात दिनसम्म सञ्चालन हुने तालिमको सहजकर्ताको रुपमा अर्ग्यानिक एजुकेशन फाउन्डेशन नेपालका प्रमुख, शिक्षा अभियन्ता अर्जुन भट्ट र कमला देवकोटा रहेका छन् ।

कार्यक्रममा नेपाल शिक्षक महासंघ अर्जुनधाराका अध्यक्ष चन्द्र खत्री, सचिव टंक न्यौपाने, नेपाल शिक्षक संघ अर्जुनधाराकी सुजाता शिवाकोटी, नेपाल कर्मचारी परिषद अर्जुनधाराका अध्यक्ष रुद्रप्रसाद पौडेल लगायतले तालिममा सिकेको सिपलाई व्यवहारमा उतार्न आग्रह गरे ।

कार्यक्रमको औचित्यमाथि प्रकाश तथा स्वागत शिक्षा अधिकृत सुनिता भट्टराईले गरेकी थिइन् भने सहजीकरण प्राविधिक सहायक समिरा दाहालले गरेकी थिइन् ।

# नगरस्तरीय खुल्ला कविता प्रतियोगिताको अडिसन

**पथरीशनिश्चरे, असार ९।** मोरङको पथरी शनिश्चरेमा नगरस्तरीय खुल्ला कविता प्रतियोगिता २०८१ को पहिलो एडिसन सम्पन्न भएको छ ।

पथरीशनिश्चरे नगरपालिकाको सहयोगमा कला साहित्य प्रवर्द्धन समितिको आयोजनामा उक्त प्रतियोगिता सम्पन्न भएको हो ।

कला साहित्य प्रवर्द्धन समितिका संयोजक लक्ष्मीप्रसाद फुयालले प्रतियोगिताको पहिलो चरणाबाट १० जना प्रतियोगी कविहरू छनौट भएको जानकारी दिए । उनले छनौटमा परेका कविहरूले आगामी असार १५ गते शनिबार एभरेष्ट माध्यमिक विद्यालयको सभाहलमा हुने प्रतिस्पर्धामा सहभागिता जनाउने बताए ।

प्रतियोगिताबाट प्रतियोगीहरू क्रमशः दुर्गाप्रसाद तिम्सिना, उमा आचार्य,




लाजिमा सुन्दास, पवित्र खनाल, कृष्णप्रसाद अधिकारी, प्रशुन्ना तिम्सिना, प्रेम कला घिमिरे, लोकसागर साम्बा, मञ्जरी घिमिरे र दीपिका अधिकारी छनौट भएको निर्णायक समितिका संयोजक भुपेन्द्र तिम्सिनाले जानकारी दिए ।

प्रमुख अतिथि पथरीशनिश्चरे नगरपालिकाका पूर्व नगर प्रमुख दिलिपकुमार राईले राष्ट्रिय भावयुक्त ओतप्रोत कवितांश पढेर समुद्घाटन गरेको उक्त प्रतियोगितामा २२ जना कविहरूले सहभागिता जनाएका थिए ।

कला साहित्य प्रवर्द्धन समितिका अध्यक्ष धनराज राई 'अमीर'को अध्यक्षतामा सम्पन्न भएको प्रतियोगिताको संयोजन फूयालले गरेका थिए । उक्त अवसरमा साहित्यकार कोषराज श्रेष्ठ, गणेश वाच्छना राई, भुपेन्द्रराज तिमल्सिना, सुनसरीका साहित्यकार किशोर कोइराला, झापाका साहित्यकार विन्दु दहाल 'विन्दु' चलचित्रकर्मी तथा नाट्यकर्मी जीवन बराल, हरेन्द्र खत्री, लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको सञ्चालन साहित्यकार दिपक 'दियालो'ले गरेका थिए ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*




सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट : | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : | दिउँसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

## ताजा र विश्वसनीय समाचारका लागि

purwanchaldaily.com लगइन गरौं ।

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००,
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आजको दिन फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाईको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहने देखिएको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने हुन सक्छ, दौडधुप गर्नुपर्ने समय रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजनमा सरिक हुने देखिएको छ । छोटो दुरीको रमाइलो यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, आज तपाईलाई साथीभाइले सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, स्वास्थ्य सम्बन्धी समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, मायामा सफलता प्राप्त हुनेछ, आयआर्जनको स्रोत पनि बढ्नेछ ।